༄༅། །སྣར་པ་སླིང་གཱ་ཨུཾ་པཱ་ལི་ཀ།

# नार्पा भूमि गाउँपालिका

# Narpa Bhumi Rural Municipality

## गाउँ कार्यपालिकाको कार्यालय

## Office of the Rural Municipal Executive

चयाँखु, मनाङ
Chyakhu, Manang, Nepal

गण्डकी प्रदेश
Gandaki Province

प.सं. (Ref. No.) : ०८०/८१

च.नं. (Dis. No.) :

मिति (Date): २०८१/०३/२१

**स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७९ बमोजिम तहवृद्धि गर्ने सम्बन्धी सुचना**

सूचना नं. ०१/२०८०/८१ (तहवृद्धि)

सूचना प्रकाशन मिति २०८१/०३/२१

गण्डकी प्रदेश स्थानीय सेवा (गठन तथा सञ्तालन) ऐन, २०७९ को दफा २७ मा भएको तहवृद्धिको व्यवस्था बमोजिम तपशिलका उल्लेखित शर्तहरु पूरा भएका नार्पा भूमि गाउँपालिका स्थानीय सेवाका इच्छुक स्थायी कर्मचारीहरुले यस कार्यालयको (www.narpabhumimun.gov.np) मा राखिएको तहवृद्धिको आवेदन फाराम डाउनलोड गरी सम्बन्धित शाखा प्रमुखबाट प्रमाणित गराई मिति २०८१ असार मसान्त सम्ममा कार्यालयको प्रशासन शाखामा बुझाउनु हुन सूचित गरिन्छ । म्याद नाघी प्राप्त हुन आएका, अपूरो विवरण सामेल नगराइने व्यहोरा समेत यसै सुचना मार्फत जानकारी गराइन्छ ।

तपशिल:

**१. स्थानीय सेवाको स्वास्थ्य सेवा बाहेकको अन्य सेवामा कार्यरत कर्मचारीको हकमा**

क) अधिकृतस्तर छैटौं, आठौं र दशौं तह (प्राविधिक/अप्राविधिक) को पदमा हुने तहवृद्धिको लागि क्रमश: सहायकस्तर पाँचौ, अधिकृतस्तर सातौं र अधिकृतस्तर नवौं तहको लागि पाँच बर्ष सेवा अवधि पूरा भएको हुनुपर्नेछ ।

ख) अधिकृतस्तर छैटौं, आठौं र दशौं तह (प्राविधिक/अप्राविधिक) को पदमा हुने तहवृद्धिको लागि क्रमश: सहायकस्तर पाँचौ, अधिकृतस्तर सातौं र अधिकृतस्तर नवौं तहको लागि पाँच बषको कार्य सम्पादन मूल्याङ्कन कम्तीमा पन्चानब्बे औषत अंक प्राप्त गरेको हुनुपर्नेछ ।

ग) स्थानीय सेवा (गठन तथा सञ्चालन ) ऐन, २०७९ को दफा ३१ बमोजिम तहवृद्धिको लागि सम्भाव्य उम्मेदवार हुन अयोग्य नभएको हुनुपर्नेछ ।

**२.स्थानीय सेवाको स्वास्थ्य सेवामा कार्यरत कर्मचारीको हकमा**

क) स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा २७ को उपदफा ३ बमोजिम ( स्वास्थ्य सेवा ऐन, २०५३ एवं नियमावली, २०५५) बमोजिमको सेवा, शर्त र अवधि पूरा भएको हुनुपर्नेछ ।

ख) स्वास्थ्य सेवा ऐन, २०५३ एवं नियमावली, २०५५ बमोजिम स्तरवृद्धिको लागि आवश्यक पर्ने कागकाजातहरु संलग्न भएको हुनुपर्नेछ ।

ग) स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ९ (क) बमोजिम नकरात्मक सूचीमा नपरेको हुनुपर्नेछ ।

घ) स्वास्थ्य सेवा नियमावली, २०५५ को अनुसूची ११ बमोजिमको अति दुर्गम वा दुर्गम भौगोलिक क्षेत्रमा सेवा गरेको अवधिको शाखा प्रमुखबाट प्रमाणित सिफारिस पत्र (साथै अति दुर्गम भौगोलिक क्षेत्रमा सेवा गरेको रुजु हाजिरी एवं अवधि खुल्ने कागजातहरु:- कामकाज गर्न खटाइएको पत्र, रमाना पत्र र हाजिर भएको जानकारीको पत्र अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

ङ) साविक नेपाल स्वास्थ्य सेवाको पदमा नियुक्त भएका कर्मचारीहरुले यस गाउँपालिकामा समायोजन भएको पत्र ।

च) स्थानीय सवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ३१ बमोजिम तहवृद्धिको लागि सम्भाव्य उम्मेदवार हुन अयोग्य नभएको हुनुपर्नेछ ।

**३ स्थानीय सेवाको सबै सेवामा कार्यरत कर्मचारीहरुले आवेदन साथ खुलाउनु पर्ने तथा संलग्न गर्नुपर्ने अन्य कागकाजहरुको विवरण:**

क)आवेदन फारमको सम्पूर्ण महलहरुमा उल्लेख भए बमोजिमका विवरणहरु स्पष्ट खुलाउनु पर्नेछ ।

ख) सुरु नियुक्ति पत्रको प्रमाणित प्रतिलिपि ।

ग) तहवृद्धि हुने पद भन्दा एक तह मूनिको पद वा श्रेणीमा भएको स्थायी नियुक्ति वा स्तरवृद्धिको प्रमाणित प्रतिलिपि ।

घ) कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम नार्पा भूमि गाउँपालिकामा समायोजन भएको पत्रको प्रमाणित प्रतिलिपि र पदस्थापना पत्रको प्रमाणित प्रतिलिपी ।

ङ) अध्यावधिक कर्मचारीको विवरण [PIS]

२०८१/०३/२१

भिमकान्त भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

भिमकान्त भण्डारी
प्रमुख प्रशासकीय अधिकृत